# बनेपा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बनेपा, काभ्रेपलाञ्चोक

## विज्ञापन कर उठाउने सम्बन्धी बोलपत्र आव्हाानको सूचना

(तेस्रो पटक प्रकाशित मिति २०८१/०४/१५ )

यस कार्यालयबाट आ.व. २०८१/८२ र २०८२/८३ का लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को घ(१) तथा दफा ६४ को उपदफा १(ग) बमोजिम तथा नगर कार्यपालिकाको मिति २०८१।०३।२५ को निर्णयानुसार तपसिल बमोजिमका ठेक्काहरु बन्दोबस्त गर्नुपर्ने भएकोले योग्य इच्छुक दर्तावाला संस्था तथा व्यक्तिले यो सूचना तेश्रो पटक प्रकाशित भएका मितिले सात दिन भित्र नगरपालिकाको राजस्व शाखावाट बोलपत्र फारम खरिद गरि आठौं दिन दिनको १२:०० बजेभित्र तोकिएको दस्तुर बुझाई आफूले कबोल गरेको अंक भरी रीतपूर्वक शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना तेस्रो पटक प्रकाशन गरिएको छ ।

### शर्त बन्देज

१. यस सम्बन्धी बोलपत्र फारम रु. ३,०००।- (तीन हजार मात्र) ( पछि फिर्ता नहुने) तिरी बनेपा नगर कार्यपालिकाको राजस्व शाखाबाट प्राप्त गर्न सकिने छ।

२. खरिद गरिएका बोलपत्र फारमहरु यो सूचना प्रकाशित भएको मितिले आठौं दिन दिनको १२:०० बजे सम्म दर्ता गर्न सकिनेछ।

३. दर्ता भएका बोलपत्र फारमहरु यो सूचना प्रकाशन भएको मितिले आठौं दिनको १३ देखि १५ बजे नियमानुसार यस कार्यालयमा खोलिने छ ।

४. बोलपत्र फारम खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन बिदा परेमा क्रमश: सो को भोलिपल्ट खरिद गर्ने, दाखिला गर्ने र खोल्न सकिनेछ ।

५. शिलबन्दी बोलपत्र फारम खोल्ने समयमा बोलपत्रवाला वा निजको आधिकारिक प्रतिनिधि उपस्थित नभएमा पनि शिलबन्दी फारम खोल्न बाधा पर्ने छैन ।

६. बोलपत्र साथ आफुले कबोल गरेको अंकले हुन आउने रकमको पाँच प्रतिशत रकम यस कार्यालयको नेपाल बैंक लि. बनेपा शाखामा रहेको हि.नं. ०१५०३००००३००००००००१ मा जम्मा गरेको सक्कलै भौचर धरौटीका रुपमा समावेश गरेको हुनुपर्ने छ।

७. बोलपत्र दाताले आ.व. २०८१/०८२ र आ.व. २०८२/०८३ सम्म दुई आर्थिक वर्षको अवधिको लागि उक्त कर उठाउन पाउने गरी दुई वर्षको यस कार्यालयलाई बुझाउन सक्ने रकम अंक र अक्षर दुवैमा स्पष्ट रुपमा उल्लेख गरेको हुनु पर्नेछ ।

८. स्वीकृत बोलपत्रवालाले आफुले कवोल गरेको कुल रकमको दामासाहिले हुने प्रत्येक वर्षको रकम उक्त आर्थिक वर्ष भित्रमा बढिमा तीन किस्तामा बुझाउनु पर्नेछ । यसरी किस्ता किस्तामा ठेक रकम बुझाउने भएमा कुल कबोल अंक बराबर वा सो भन्दा बढि रकमको मान्यता प्राप्त बैंकबाट जारिगरेको मिति २०८३ साल साउन **मसान्त**सम्म म्याद भएको बैंक ग्यारेण्टी सक्कलै प्रस्तुत गरेको हुनुपर्ने छ।

९. स्वीकृत बोलपत्रदाताले कुल कबोल अंक अग्रिम रुपमा एकमुष्ट बुझाउँदा पाँच प्रतिशत रकम छुट दिइने छ र यसरी अग्रिम दाखिला गर्दा यस कार्यालयका नामको ने.बै.लि. बनेपा शाखामा रहेको यस कार्यालयले उपलब्ध गराएको आम्दानी खातामा दाखिला गरेको सक्कलै बैंक भौचर संझौताका लीगि उपस्थित हुँदा पेश गरेको हुनुपर्ने छ । यसरी अग्रिम दाखिला गरेमा शर्त बन्देज ६ बमोजिमको बैंक ग्यारेण्टी आवस्यक पर्नेछैन ।

१०. स्वीकृत बोलपत्रदाताले किस्ता किस्तामा रकम बुझाउने भए संझौताका लागि उपस्थित हु‘‘दा शर्त बन्देज ६ बमोजिमको बैंक ग्यारेन्टीका साथै पहिलो किस्ता बापतको रकम यस कार्यालयका नामको ने.बै.लि. बनेपा शाखामा रहेको हि.नं. ०१५०३०००००६००१००००००१ मा दाखिला गरेको सक्कलै बैंक भौचर पेश गरेको हुनुपर्ने छ । साथै अधिल्लो किस्ता भुक्तान हुनुभन्दा सात दिन अगावै दोस्रो किस्ता भुक्तान गरेको हुनुपर्नेछ । साथै स्वीकृत बोलपत्रदाताको धरौटी संझौता अवधिभर धरौटीका रुपमा रहने छ ।

११. बोलपत्र फारम खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा क्रमश: सो को भोलिपल्ट हुनेछ ।

१२. बोलपत्रदाताले आफु बोलपत्रदाखिला गर्न अयोग्य नभएको भनि स्वयम घोषणापत्र पेश गरेको हुनुपर्ने छ । साथै फर्म दर्ता तथा नविकरण गरिएको इजाजत पत्र, मु.अ.क. दर्ता प्रमाण पत्र, स्थायी लेखा नं. दर्ता प्रमाण पत्र र आ.व. २०७९/८० सम्मको कर चुक्ता प्रमाण पत्र दाखिला गरिएको हुनुपर्ने छ । साथै आ.व. २०८०/८१ प्रारम्भ भएको मितिले तीन महिना भित्र आ.व. २०८०/०८१ को कर चुक्ता गरेको प्रमाण समेत पेश गर्नुपर्नेछ ।

१३. कुनै पनि बोलपत्र विनाकारण पूर्ण वा आशिक रुपमा स्वीकृत वा अस्विकृत गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

१४. विज्ञापन कर असुली सम्बन्धी ठेक्का बन्दोबस्त गरेका कारण तिर्नुपर्ने कुनै पनि कर दस्तुर बुझाउने दायित्व स्वीकृत बोलपत्रवालामा रहने छ ।

१५. यो सूचना यस कार्यालयको website www.banepamun.gov.np ~~धभदकष्तभ धधधादबलभउकमलानयखालउ~~ मा हेर्न सकिने छ । साथै विस्तुत जानकारीका लागि राजस्व शाखामा सम्पर्क राख्न सकिने छ ।

१६. अन्य विषय प्रचलित कानून बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

**कामको विवरण**

| क्र. सं. | ठेक्का नं. | कामको विवरण | दुई वर्षका लागि न्युनतम कबोल अंक (मुअक ~~समेत~~ बाहेक) | धरौटी रकम न्यूनतम | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|
| १ | रा ६/२०८० /०८१ | बनेपा नगर क्षेत्र भित्र विज्ञापन कर उठाउने | ४०,५८,०००/- (रु चालिस लाख अन्ठाउन्न हजार मात्र) | ५ % | रु.३००० /- |

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत